NJ: NUTA

# रमेश विकलका उपन्यासमा रसविधान

**विष्णुप्रभा उपाध्याय**
नेपाली विभाग, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृति विश्वविद्यालय, नेपाल
Email: sbishnuprava@gmail.com
DOI:10.3126/nutaj.v10i1-2.63077

**लेखसार**

प्रस्तुत लेखमा आख्यानकार रमेश विकल (१९८५-२०६५) द्वारा लिखित र हालसम्म प्रकाशित 'सुनौली' (२०३१), 'विक्रम र नौलो ग्रह' (बालउपन्यास, २०३९), 'अविरल बग्दछ इन्द्रावती' (२०४०) तथा 'सागर उर्लन्छ सगरमाथा छुन' (२०५२) शीर्षकका चार उपन्यासमध्ये 'विक्रम र नौलो ग्रह' बालउपन्यासबाहेक अन्य तीनओटा उपन्यासमा रसप्रयोगको खोजीसहित विवेचना गरिएको छ । उपर्युक्त उपन्यासहरूमा रसप्रयोगको खोजी र विवेचना गर्ने सन्दर्भमा सैद्धान्तिक आधारको निर्माण पुस्तकालयीय स्रोतमा केन्द्रित भई गरिएको छ। विकलका उक्त तीनओटा उपन्यासको अध्ययन गरी विभिन्न रस परिपाक भएका प्रतिनिधिमूलक उद्धरणहरू खोजेर रससामग्रीका आधारमा तिनको विश्लेषण गरिएको छ। यस क्रममा 'सुनौली' उपन्यासमा चित्रित समाजमा यौनलाई अत्यन्त अमर्यादित र अश्लील ढङ्गले प्रस्तुत गर्ने महिला र पुरुषका व्यवहारहरूलाई केलाइएको छ अनि शृङ्गार रसको प्राधान्य निरूपण गरिएको छ । 'अविरल बग्दछ इन्द्रावती' उपन्यास सामन्तवादी उत्पीडनको विरोध र उत्पीडितवर्गको मुक्तिमा केन्द्रित रहेको तथा यसमा वर्गसङ्घर्ष, विद्रोहीचेतना र मुक्तिको सन्देशलाई मुखरित गरिएको निष्कर्षसहित यस उपन्यासमा रौद्र, भयानक र करुण रसको आधिक्य देखाइएको छ । 'सागर उर्लिन्छ सगरमाथा छुन' उपन्यास प्रतिशोधको भावनाले उद्विग्न र राजनीतिक प्रतिगमन खोज्ने भ्रष्ट आचारका निरङ्कुश चरित्रहरू तथा तिनले गरिरहेका षड्यन्त्रपूर्ण क्रियाकलापप्रतिको आलोचनात्मक अभिव्यक्ति हो भन्ने निष्कर्ष निकाल्दै यस उपन्यासमा रौद्र रस र भयानक रसका साथै अन्य रसहरूको प्रयोगलाई सोदाहरण प्रस्तुत गरिएको छ । समग्रमा यस लेखमा भरतमुनिको नाट्यशास्त्रमा प्रस्तुत रससूत्रको सैद्धान्तिक अवधारणाका आधारमा रमेश विकलका उल्लिखित तीनओटै उपन्यासमा प्रयोग भएका रसहरूको खोजी र चर्चा गरी अन्त्यमा निष्कर्ष दिइएको छ ।

*शब्दकुञ्जी* : रसविधान, विभाव, स्थायी भाव, आलम्बन, उद्दीपन ।

## विषयपरिचय

रमेश विकल (१९८५-२०६५) नेपाली साहित्यको आख्यान क्षेत्रका शिखर व्यक्तित्व हुन् । उनका 'बिरानो देशमा', 'नयाँ सडकको गीत', 'आज फेरि अर्को तन्ना फेरिन्छ', 'एउटा बुढो भ्वाइलिन आशावरीको धुनमा' लगायत एघारओटा कथासङ्ग्रह र चारओटा उपन्यास प्रकाशित छन् । उनका प्रकाशित उपन्यासमध्ये 'विक्रम र नौलो ग्रह'बाहेक अन्य तीनओटा उपन्यासमा रसको प्रयोग कस्तो छ, त्यसको खोजी र विवेचना नै प्रस्तुत लेखको विषय हो । 'सुनौली' उपन्यासमा समाजमा यौनलाई अत्यन्त अमर्यादित र अश्लील ढङ्गले प्रस्तुत गर्ने महिला र पुरुषका व्यवहारहरूलाई सिंह पात्र र सिंहमण्डलीका माध्यमबाट प्रस्तुत गरिएको छ। यहाँ पुरुष र महिलाका नग्न यौनकार्यव्यापार उपस्थापित छन् । यस उपन्यासमा शृङ्गार रसको प्रयोग बढी पाइन्छ । 'अविरल बग्दछ इन्द्रावती' उपन्यास सामन्तवादी उत्पीडनको विरोध र उत्पीडितवर्गको मुक्तिमा केन्द्रित छ। यसमा वर्गसङ्घर्ष, विद्रोही चेतना र मुक्तिको सन्देशलाई मुखरित गरिएको छ । यस उपन्यासमा रौद्र, भयानक र करुण रसको आधिक्य देखिन्छ ।

'सागर उर्लिन्छ सगरमाथा छुन' उपन्यास प्रतिशोधको भावनाले उद्‌विग्न र राजनीतिक प्रतिगमन खोज्ने भ्रष्ट आचारका निरङ्कुश चरित्रहरू तथा तिनले गरिरहेका षड्‌यन्त्रपूर्ण क्रियाकलापप्रतिको आलोचनात्मक अभिव्यक्ति हो । यस उपन्यासमा रौद्र, रस र भयानक रसका साथसाथै अन्य रसहरूको पनि प्रयोग भएको पाइन्छ । विकलका यी उपन्यासमा रससिद्धान्तमा प्रतिपादित नौ रसमध्ये शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स र अद्‌भुत रसको प्रयोग भएको छ । यस लेखमा उनका उपन्यासमा प्रयुक्त विभिन्न रसका साथै ती रसहरूलाई परिपाक अवस्थामा पुऱ्याउने विभाव, अनुभाव र व्यभिचारी भावहरूसमेतको खोजी र सोदाहरण विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखका निम्ति विकलका तीनओटा उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ र रससिद्धान्तसँग सम्बद्ध ग्रन्थहरू र लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यी सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा सङ्कलित सामग्रीको वर्णन तथा विश्लेषणबाट निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

रस सम्प्रदाय संस्कृत साहित्यशास्त्रको प्रधान र जेठो सम्प्रदाय हो (उपाध्याय, २०४९, पृ. २४७) । पौरस्त्य साहित्यशास्त्रका अनुसार शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्‌भुत र शान्त गरी रसका नौ भेद मानिएका छन् । यी रसहरूका स्थायी भाव क्रमशः रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगप्सा, विस्मय र निर्वेद हुन् ।

साहित्यमा रसको सम्बन्ध आनन्दसित हुन्छ । आनन्दको सम्बन्ध हृदयसित हुन्छ । हृदयग्राह्य हुने हुनाले नै साहित्य आस्वाद्य हुने गर्दछ । आस्वाद नै रस हो र आस्वाद्य अवस्था नै रसात्मकता हो । त्यसो हुनाले नै 'रस्यते आस्वाद्यते इति रसः' अर्थात् हृदयले जुन कुराको आस्वादन गर्दछ, त्यो नै रस हो भनिएको हो । पाठकले कुनै पनि साहित्यिक कृतिलाई पढेर जुन रमणीय र आह्लादकारी अनुभूति अन्तर्हृदयमा प्राप्त गर्दछ, त्यस्तो काव्यानन्द नै रस हो (उपाध्याय, २०७५, पृ. ८६) । मान्छेले धेरै कुरा देख्छ, सुन्छ, भोग्छ र अनुभूति गर्दछ । त्यसबाट उसका मनमा रिस, डाहा, माया, डर, खुसी आदि भाव जागृत हुन्छन् ।

भाव भनेकै मनका विभिन्न स्थिति र तरङ्ग हुन् । रसका मुख्य आश्रयस्थलका रूपमा भावलाई लिइन्छ । साहित्यिक कृति पढ्दा जागेका भावले परिपक्व अवस्था प्राप्त गरेपछि भावक (पाठक) ले जुन एक प्रकारको विशिष्ट आनन्द प्राप्त गर्दछ, त्यही अवस्थालाई रसको अवस्था भनिन्छ अर्थात् भावको परिपाक नै रस हो । साहित्यका उपकरणद्वारा साधारणीकरण भएर देश-काल स्व-पर, व्यक्तिगत रागद्वेष आदिको चेतनाबाट मुक्त भएर रत्यादि भाव आस्वाद्य अथवा सुखमय प्रतीतिको विषय बन्न जान्छ । यही आस्वाद्य भाव अथवा त्यसको सुखमय प्रतीति रस हो (नगेन्द्र, सन् १९७४, पृ. १७२) । भरतमुनिको 'नाट्‌यशास्त्रम्' मा प्रस्तुत 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' भन्ने रससूत्रअनुसार काव्यमा कारणरूप विभाव, कार्यरूप अनुभाव र सहकारीरूप व्यभिचारी वा सञ्चारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ (अधिकारी, २०६७, पृ. २९) । यसरी साहित्यमा विभाव, अनुभाव र सञ्चारी भाव यी तीन अवयवको संयोगबाट व्यञ्जित वा निष्पन्न हुने स्थायी भाव नै रस हो ।

विभावले स्थायी भावलाई जागृत गराउने काम गर्दछ । विभाव पनि दुई प्रकारका हुन्छन् : (१) आलम्बन विभाव र (२) उद्दीपन विभाव । जुन वस्तु वा व्यक्तिबाट स्थायी भाव जाग्दछ, त्यसलाई आलम्बन विभाव भनिन्छ । जस्तैः नायक, नायिका, प्रेमी, प्रेमिका आदि । जागृत भावलाई उत्तेजित बनाउने अवस्थालाई उद्दीपन विभाव

भनिन्छ । जस्तैः एकान्तस्थान, वसन्त ऋतु आदि । भाव जागृत भएर उद्दीप्त (उत्तेजित) पनि भएपछि शरीरमा विभिन्न प्रतिक्रिया उत्पन्न हुन्छन् । यस्ता शारीरिक प्रतिक्रियाका रूपमा उत्पन्न चेष्टाहरूलाई नै अनुभाव भनिन्छ । अनुभावद्वारा हृदयगत भावको अभिव्यञ्जना हुन्छ । मानसिक प्रतिक्रियाका रूपमा उत्पन्न भावलाई सञ्चारी वा व्यभिचारी भाव भनिन्छ । जसरी बीजबाट वृक्ष, वृक्षबाट फूल र फूलबाट फल उत्पत्ति हुन्छ, त्यसै गरी रसहरू मूल बीज हुन् र तिनीहरूबाट नै भावहरूको उत्पत्ति हुन्छ भनी व्यवस्था गरिएको छ (भट्टराई, २०७७, पृ. १३४) । यसरी विभावद्वारा भाव जाग्दछन् र उत्तेजित हुन्छन्, अनुभावद्वारा विकसित हुन्छन् अनि व्यभिचारी भावद्वारा परिपक्व भई ती भावहरू भावक (पढ्ने, हेर्ने, सुन्ने) का मनमा रसदशामा पुग्छन् । यसबाट भावकका मनमा एउटा विशिष्ट र आनन्दमयी भावनाको सञ्चार रहन्छ । त्यही नै रस वा साहित्यिक आनन्द हो । त्यसैले रसलाई शब्द र अर्थद्वारा विभाव आदिको संयोगबाट अभिव्यक्त भएर आस्वादनको विषय बन्ने व्यङ्ग्यार्थमय आह्लादविशेष (उपाध्याय, २०४८, पृ. २५) पनि भनिएको छ । उपन्यास साहित्यकै एउटा महत्त्वपूर्ण विधा हो र यो पनि रसात्मक नै हुन्छ । विकलका उपन्यास पनि रसात्मक भएकैले ती आस्वाद्यसमेत छन् ।

## रमेश विकलका उपन्यासमा प्रयुक्त रसगत विवेचना

अब अगाडि चर्चा गरिएको रससिद्धान्त र रसका नौओटा प्रकारअन्तर्गत रहेर रमेश विकलका उपन्यासमा पाइने निम्नलिखित आठओटा रसको परिचय र केही प्रतिनिधिमूलक उद्धरणहरूसहित विश्लेषण गरिन्छ ।

### शृङ्गार रस

परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको वा तिनले एक-अर्काको वर्णन गरिएको रस शृङ्गार रस हुन्छ । यस रसका आलम्बन परस्पर प्रेममा आसक्त नरनारी हुन्छन् र उद्दीपन एकान्त, उद्यान, चन्द्रमा, भ्रमर, फूल आदि हुन्छन् । यसका अनुभाव कटाक्षपात, मुस्कान, लज्जा आदि मानिन्छन् भने सञ्चारी (व्यभिचारी) भाव निर्वेद, ग्लानि, दीनता, मलिनता, पीडा आदि हुन् । यसको स्थायी भाव रति हो ।

शृङ्गार रस दुई प्रकारको हुन्छ : संयोग वा सम्भोग शृङ्गार र विप्रलम्भ वा वियोग शृङ्गार । विकलका उपन्यासमा दुवै शृङ्गारको प्रयोग पाइन्छ ।

### सम्भोग शृङ्गार

नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन भएको शृङ्गार सम्भोग वा संयोग शृङ्गार हुन्छ । विकलको 'सुनौली' उपन्यासमा यसको अधिक प्रयोग भएको छ । हेरौँ केही उदाहरण :

अनि एक एक गर्दै सपनाको दृश्यजस्तै उसका आँखामा हिजो रातिका दृश्यहरू दौडन थाल्छन् । त्यो जादुभैँ लट्ठ्याउने वातावरण, तीन जना ठिटा, झगडा अनि आफ्नो जन्मजात नाङ्गो शरीर र त्यसको इन्ची इन्ची निर्धक्क र निर्मम खेल्नु पुरुषको कठोर वासना, पौरुषपूर्ण क्रीडा । कति गजबको साँझ ! कस्तो झिलिमिली दुनियाँ ! कति मिठो अनुभव ! ('सुनौली' उपन्यास, पृष्ठ १४०) !

यहाँ सिंह र उसका तीन जना साथी तथा सुनौली आलम्बन विभाव; जादुभैँ लट्ठ्याउने वातावरण, अङ्ग अङ्गको चुम्बन, पुरुष र नारीबिचको क्रीडा उद्दीपन विभाव; नयनचातुरी, ललित र मधुर अङ्गहरू अनुभाव; उत्साह, मात, लज्जा व्यभिचारी भाव भएर आएका छन् र यिनले सम्भोग शृङ्गारलाई परिपुष्ट पारेका छन् ।

एउटा तातो र बलियो पाखुराले उसकी स्वास्नी मान्छेलाई जन्मजात नाङ्गो जिउमा कसैको उत्तेजित र अधैर्य हात जताततै दगुरेको छ । उसको ओठमा आगाका जल्दा फिलिङ्गा टाँस्सिएका छन् र उसका गाला, नाक, मुख निधारमा तातो तातो र नियन्त्रणहीन सासको खलाती फुकिरहेको छ ('सुनौली' उपन्यास, पृष्ठ १३९) ।

यहाँ एच.आर. सिंह र सुनौली आलम्बन विभाव; जिउभरि उत्तेजित र अधैर्य हातको स्पर्श उद्दीपन विभाव; ओठको तातो चुम्बन, गाला रातो हुनु अनुभाव एवम् लाज, मात, चञ्चलता जस्ता व्यभिचारी भावले रति स्थायी भाव परिपुष्ट हुन्छ र सम्भोग शृङ्गार रस उत्पन्न हुन्छ ।

अब कृस्नेले आफ्नो मुखलाई कनकको दुवै छातीबिचका खोल्चामा केटाकेटीले झैँ लुकाएर विस्तार विस्तार उसको अरू अङ्गसँग खेल्न थाल्यो । कनकको शरीरबाट निस्केको मन्द मन्द र लट्ठ्याउने खालको बास्नाले आफ्नो सम्पूर्ण वर्तमानलाई बिर्सेर एउटा स्वप्नलोकमा विहार गर्न पुगेको अनुभव गर्न थाल्यो । अनि कनक एउटा आफूमाथि निष्कपट लोग्ने मान्छेको दोषरहित स्नेहयुक्त पौरुषद्वारा सम्पूर्ण बाँधिएकी, साँच्चै जीवनमा कहिल्यै नमानेको तृप्तिको अनुभव गर्न थालेकी थिई ('सुनौली' उपन्यास, पृष्ठ ३४०) ।

यहाँ कृस्ने र सुनौली (कनक) आलम्बन विभाव; एकान्त कोठा, एउटै शयनकक्ष, अर्धनग्न शरीर उद्दीपन विभाव; एक-अर्काको समीप हुनु र विभिन्न अङ्ग स्पर्श तथा चुम्बन गर्नु अनुभाव एवम् मात, चञ्चलता आदि व्यभिचारी भावहरूले रति भाव परिपाक अवस्थामा पुगी सम्भोग शृङ्गार रसको अभिव्यञ्जना भएको छ ।

## विप्रलम्भ शृङ्गार

नायक-नायिकाका बिच उत्पन्न प्रेमको वियोगात्मक अवस्थाको वर्णन गरिन्छ भने त्यो विप्रलम्भ शृङ्गार हुन्छ । विकलका उपन्यासमा विप्रलम्भ शृङ्गारको प्रयोग पनि पाइन्छ । हेरौँ केही उदाहरण :

सुनौलीका दिनहरू अब केवल कृस्नेको अधीर प्रतीक्षामा बिस्तारै घस्रिन थाले । उसको स्मृतिमा कृस्नेको कालो कालो हिस्सी परेको अनुहार मुसुक्क हाँस्थ्यो अनि उसका डोला डोला हातपाखुरा पूर्ण फैलिएर आफूतिर बढेको अनुभव गर्थी । ('सुनौली' उपन्यास, पृष्ठ २४)

यहाँ कृस्ने (विषय) र सुनौली (आश्रय) आलम्बन विभाव; कृस्नेको हिस्सी परेको अनुहार र डोला डोला हात पाखुराको सम्झना उद्दीपन विभाव; प्रतीक्षा गर्नु, अधीर हुनु र बारम्बार कृस्नेलाई सम्झनु अनुभाव तथा ग्लानि, चिन्ता, शङ्का आदि व्यभिचारी भावले परिपुष्ट विप्रलम्भ शृङ्गार रसरूपमा प्रकट भएको छ ।

## हास्य रस

हास्य रसको स्थायी भाव हाँसो हो । विकृत र हाँसउठ्दो व्यक्ति वा वस्तु हास्य रसका आलम्बन विभाव हुन् । विकृत स्वरूप, सजावट र हाँसउठ्दो परिवेश यसका उद्दीपन विभाव हुन् । आँसु, मुख बाउनु, हाँसोको आवाज आदि प्रतिक्रिया अनुभाव हुन् । हर्ष, रोमाञ्च, चञ्चलता आदि व्यभिचारी भाव हुन् । रमेश विकलका उपन्यासमा हास्य रसको समेत प्रयोग भएको पाइन्छ । जस्तै :

झाँक्रीको आदेशले बिरमाने माझी लिङ्गो काट्न सल्लेरी वनतिर दौड्यो । उसका पछि पछि भोटे बनेको भुते माझी जाँडको पुङ बोकेर मुखभरि जाँडको कुल्ला लिएर बिरमानेका जिउमा पिच्का हाल्न उसका पछि पछि दौड्यो । त्यो एउटा तमासै थियो । गाउँका भुरा र उरन्ठ्यौला केटाहरू हाः हाः हुः हुः गर्दै पछाडि लागे । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ १२६)

यहाँ जाँडको पुङ बोकेर भोटे बनेको भुते माझी आलम्बन विभाव; जाँडकै पिच्का लिएर पिच्क्याउन भाग्नु उद्दीपन; हाः हाः हुः हुः गर्दै रमाउनु अनुभाव र हर्ष, मात, रोमाञ्च आदि व्यभिचारी भावको संयोगबाट हास्य रसको स्थायी भाव हाँसो अभिव्यक्त भएको छ ।

**करुण रस**

आफ्ना नजिकका प्रिय जनसितको वियोग वा तिनको विपत्ति अथवा मरण देखेर वा सुनेर वा प्यारो वस्तुको विनाश देखेर तथा सुनेर मनमा उत्पन्न हुने विकलताबाट जन्मिने रस नै करुण रस हो । करुण रसको स्थायी भाव शोक हो । यस रसमा आफूलाई मनपर्ने व्यक्ति वा कुराको मृत्यु वा नाश हुनु आलम्बन विभाव; प्रिय व्यक्तिको नाश, प्रिय वस्तु विनाशका कारणहरू, चिताको ज्वाला, उराठलाग्दो वातावरण, शोकधुन आदि उद्दीपन विभाव; रोदन, आँसु, प्रलाप आदि प्रतिक्रिया अनुभाव र त्यसपछि देखापर्ने चिन्ता, मोह, ग्लानि आदि व्यभिचारी भाव हुन्छन् । विकलका उपन्यासमा करुण रसको प्रयोगलाई हेरौँ :

मिलौतीका यी एक एक सम्झनाले आज पनि बुढो भुमाको छातीमा असह्य वेदना हुन्छ । उसलाई एकदम बालक रोएझैँ डाको छोडेर रुन मन लाग्छ । तर ऊ अहिले त्यसरी रुन सक्दैन । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ ६)

यहाँ भुमा र मिलौती आलम्बन विभाव; उनीहरूबिचका सहयात्राका पल उद्दीपन विभाव; भुमाका मनमा उत्पन्न छटपटी, वेदना आदि अनुभाव र डाको छोडेर रुन मन लाग्नु तर रुन नस्क्नुजस्ता चिन्ता, मोह, ग्लानि आदि व्यभिचारी भावको संयोगबाट करुण रस परिपाक अवस्थामा पुगेर प्रकट भएको छ ।

लालगेडीका आँखा भरिएर आए । उसले आफ्नो जन्मका साइतलाई भित्रभित्रै धिक्कार्दै सराप दिँदै बलिन्द्र धारा आँसु झारी । हरे ! उसकी आमाले उसलाई कस्तो खराब साइतमा जन्माइछन् । आइमाईको जुनी लिएर उसले कस्तो नर्कको भोग भोग्नुपर्‍यो । हे भगवान् ! उसका आँखाबाट बगेका आँसुले उसको चोलो भिँजायो । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २२४)

यहाँ लालगेडी आलम्बन विभाव; आफू अपहृत भएको घटना, चरित्र जोगाउन गरेका प्रयास उद्दीपन विभाव; बलिन्द्र धारा आँसु झार्नु, भगवान् पुकार्नु, धिक्कार्नु आदि अनुभाव र शोक. पीडा व्यभिचारी भावको संयोगबाट शोक स्थायी भाव प्रकट भएर करुण रसको परिपाक भएको छ ।

**रौद्र रस**

पूज्य वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा यस रसको उत्पत्ति हुन्छ । अपराधी (शत्रु) व्यक्ति यसको आलम्बन (विषय) हुन्छ र प्रतिशोध लिने व्यक्ति आलम्बन (आश्रय) । बलप्रयोग, हत्या, अपमान आदि यसका उद्दीपन हुन् । कठोर वचन आदि अनुभाव र घमन्ड, क्रूरता, उग्रता आदि व्यभिचारी भाव हुन् भने क्रोध यसको स्थायी भाव हो । रमेश विकलका उपन्यासमा रौद्र रसको प्रयोग पनि पाइन्छ ।

जस्तैः लौ आओ छातीमा रौँ भए बाहिर ! ए सोभिते कमारा ! लौ आइजा ! हेर न तेरी मामाकी छोरी लालगेडीलाई ओछ्याएर आएको मैले । सक्छस् हेर्न ? तिम्रा भाउजू, दिदी, बहिनीलाई ओछ्याएर आएको हामी ! ए राँडीका वान हो ! लौ आओ हिम्मत भए । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ १३०)

यहाँ हरे र बुदुने आलम्बन विभाव; लालगेडीका साथै सोभितेका दिदीबहिनी र भाउजूको बेइज्जत उद्दीपन विभाव; धाक, धम्की, चुनौती दिनु अनुभाव र घमन्ड, क्रूरता, उग्रता आदि व्यभिचारी भावले क्रोध स्थायी भाव जागृत भएर रौद्र रस प्रकट भएको छ ।

> पुलिसका कुकुर ! फर्केर जाऊ । आवाजले प्रहरीका आँखा भयङ्कर ज्वालामुखी बन्छन् । ......... ऊ आफ्ना भयङ्कर दृष्टि उठाएर झयालतिर हेर्छ । झ्यालबाट कोठामा झल्याकझुलुक गर्ने नारी-छाया देखिन्छ । क्रोधले उन्मत्त पुलिस अधिकृत नजिकैको विद्युत् विभागको पोल ल्याडर (बिजुलीको खम्बामा काम गर्नका लागि उपयोग गरिने स्वचालित सिँढी) मा चढेर झ्यालमा पुग्छ । (सागर उर्लन्छ सगरमाथा छुन, उपन्यास पृष्ठ २६३)

यहाँ आन्दोलनकारी जनता र प्रहरी आलम्बन विभाव अपमानजनक शब्द (कुकुर), चुनौतीपूर्ण अभिव्यक्ति उद्दीपन विभाव क्रोधित बन्नु, आँखा राता पार्नु, आँखा ठुला पार्नु अनुभाव र उग्रता, आवेग, उन्माद आदि व्यभिचारी भावले क्रोध स्थायी भाव जागृत भएर रौद्र रस प्रकट भएको छ ।

## वीर रस

शत्रु वा प्रतिद्वन्द्वीको प्रशंसा सुनेर वा उनीहरूलाई देखेर विजयकामनाले जुन उत्साह मनमा जाग्दछ, त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ । यस रसको आलम्बन (विषय) शत्रु वा प्रतिद्वन्द्वी हुन्छ भने नायक आलम्बनअन्तर्गतको आश्रय । रणदर्शन, वीरता, हाँक, बाजा, जोस, पराक्रम, शक्तिप्रदर्शन आदि उद्दीपन हुन्छन् । शत्रुको तिरस्कार, अस्त्रप्रहार, आक्रमण, पराक्रमको कथन आदि अनुभाव र गर्व, हर्ष, धैर्य, रोमाञ्च आदि व्यभिचारी भाव हुन्छन् । उत्साह वीर रसको स्थायी भाव हो । रमेश विकलका उपन्यासमा वीर रसको प्रयोगका अनेकौं उदाहरण पाइन्छन् । हेरौं केही नमुना :

> म एक्लो छैनँ मामा ! यो ठुलो धर्तीमा मेरो साथमा लाखौं करोडौं छन् । हो, आज हाम्रो भाग्यमा रात परेको छ, तर रात सधैँ रहिरहन्न नि बिहान पूर्वबाट सूर्य त उदाइहाल्छ सूर्यको साथमा उज्यालो आएपछि अन्धकारले नभागी सुखै छैन । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २४६)

यहाँ शोषक र सामन्तवर्ग आलम्बन (विषय), शोषित, पीडित सर्वहारावर्ग आश्रय; जोस, एकता, हाँक, उद्दीपन; सङ्घर्ष र सफलताको कथन अनुभाव एवम् हर्ष, जागृति, धैर्य आदि व्यभिचारी भाव उत्पन्न भएर स्थायी भाव उत्साहसहित वीर रसको अभिव्यञ्जना भएको छ ।

> "हँ !" सोभितेका दाह्रा अनायास बाँधिन्छन् । त्यसैका बिचबाट एउटा हुँकार फुट्छ । उसका आँखामा एउटा आशाको सोला फुटेझैँ लाग्छ । ऊ दाह्रा बाँधेर भन्छ- "मलाई तँमाथि रत्तीभर पनि शङ्का छैन तर तेरो जिउमाथि परेको त्यसका हात नठुन्क्याई मेरो मनको डडेलो अवश्यै निभ्दैन ।" ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ ११७)

यहाँ सानाकाजी र सोभिते आलम्बन विभाव; लालगेडीमाथि सानाकाजीले हातपात गर्नु उद्दीपन विभाव; सोभितेमा शत्रुमाथि प्रतिशोधको भावना जाग्नु र हात ठुन्क्याइदिन्छु भन्नु अनुभाव एवम् सोभितेको जोस, जाँगर, पराक्रम आदि व्यभिचारी भावले उत्साह स्थायी भाव उत्पन्न भई वीर रसको अभिव्यक्ति भएको छ ।

**भयानक रस**

भयदायक जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भययुक्त चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट अभिव्यक्त हुने रस नै भयानक रस हो । भयानक जन्तु आदि यसको आलम्बन (विषय) हुन्छ र भयभीत हुने व्यक्ति आश्रय । भयङ्कर जन्तु, भयप्रद चेष्टा, शून्य स्थान, अरण्यगमन, स्वजनबध आदि उद्दीपन, आकार बिग्रनु, भकभके स्वर गर्नु व्यभिचारी भाव अनि भय स्थायी भाव यस रसका सामग्री हुन् । रमेश विकलका उपन्यासमा भयानक रसको समेत प्रयोग पाइन्छ । जस्तैः

> साँच्चै सगरको पेटमा लाखौँ घैँटा एकैपल्ट फुटेजस्तै भयो । पानीको स्वर यति भयङ्कर रूपमा बढ्दै गयो सायद हात्तीको सुँडजस्ता सहस्रधारा धर्तीको छातीमा बज्रेर धर्तीलाई पाताल भास्ने पूर्ण प्रयत्न गर्दै छ । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २४०)

यहाँ पानी पर्नु आलम्बन विभाव; भयङ्कर स्वर र हात्तीको सुँडजस्ता सहस्रधारा उद्दीपन विभाव; धर्तीको कणकण काँप्नु अनुभाव तथा भय, ग्लानि, शङ्का आदि व्यभिचारी भावले भयको स्थायी भाव परिपाक भई भयानक रस अभिव्यक्त भएको छ ।

> धड धड धडाम्म ऽऽऽ .. म, चट्याङ...ङ एक्कासि बिजुलीको तीव्र प्रकाशले छाप्रोको एक एक चिरा धाँजबाट पसेर उसलाई अन्धोवत् बनाउनका साथै घरको इँट इँट थर्कने, कानको जाली फुट्ने गरी चड्केको आवाजले भुमालाई आफ्नै दुवै हत्केलाले कान थुन्न बाध्य गरायो -निरिर्सिङ निरिर्सिङ माराज इन्द्र भगवान् ! ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २३९)

यहाँ चट्याङ र भुमा आलम्बन विभाव, धड धड धडाम्मको आवाजले भयभीत भूमि उद्दीपन विभाव, आँखा चिम्लनु डराउनु, काँप्नु अनुभाव तथा शङ्का, त्रास, भकभके स्वर, आवेग व्यभिचारी भावले भय स्थायी भाव परिपाक अवस्थामा पुगी भयानक रसको अभिव्यक्ति भएको छ

> जा, न छो मलाई । चम्पक एक्कासि उतर्सेको चितुवाझैँ सोफाबाट उठेर गर्ज्यो - "भन् ! मेरो हुकुम बेगर तँलाईं घरबाट निस्कने आँट कसरी भयो ? भन् ! कसको हुकुमले गएकी तँ बाहिर ? ('सागर उर्लन्छ सगरमाथा छुन' पृ. २०४) ।

यसमा चम्पक र इलेन आलम्बन विभाव; गर्जिनु उद्दीपन विभाव; केरकार गर्नु, आँखा तर्नु आदि अनुभाव र शङ्का, त्रास आवेग आदि व्यभिचारी भावले युक्त भएर भय स्थायी भावसहित भयानक रसको परिपाक भएको छ ।

**बीभत्स रस**

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति नै बीभत्स रस हो । यसको आलम्बन दुर्गन्धित वा घृणित वस्तु या व्यक्ति हुन्छ भने उद्दीपन घृणालाई बढाउने तत्त्व मानिन्छन् । थुक्न, आँखा चिम्लनु आँखा खुम्च्याउनु मुख बङ्ग्याउनु, नाक थुन्नु, छि : छि : गर्नु आदि यसका अनुभाव र आवेग, घिन, व्याधि आदि यसका व्यभिचारी भाव हुन्छन् अनि जुगुप्सा वा घृणा स्थायी भाव हुन्छ । विकलका उपन्यासमा बीभत्स रसको प्रयोगका केही उदाहरण हेरौँ ।

> नाली, मलको खाडलमा दुई चार सुँगुरका च्वाँचे थुतुनाले विष्टा खोतल्दै थिए । .....सुँगुर र नालको मिसिएको गन्ध धुवाँको पातलो रेखा र बुढाहरूका अविरल खोकीले त्यहाँवरिपरिको सम्पूर्ण हावा रङ्गाइरहेको, बिउँझाइरहेको थियो । ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २४४)

यहाँ बिष्टा र फोहोरी नाल आलम्बन विभाव; सुँगुरको थुतुनाले विष्टालाई खोतल्दै गरेको अवस्था र बुढाहरूको खोकी उद्दीपन विभाव; थुक्क भन्नु, मुख बिगार्नु, नाक खुम्च्याउनु आदि अनुभाव र आवेग, घिन, व्याधि आदि सञ्चारी भावबाट घृणा स्थायी भाव जागृत भई बीभत्स रसको अभिव्यक्ति भएको छ ।

> कनकलाई उसको थलथले शरीर, तीन माने हाँडी जस्ता छाती र उसको शरीरबाट छुटेको पसिनाको गन्धबाट एकदमै वाकवाक लागेझैँ अनुभव हुन्छ । ('सुनौली' उपन्यास, पृष्ठ २९४)

यहाँ फोहोरी र भद्दा आइमाई आलम्बन विभाव; पसिनाको दुर्गन्ध उद्दीपन विभाव; वाकवाक लाग्नु, नाक खुम्च्याउनु अनुभाव एवम् आवेग, घिन, चिन्ता आदि व्यभिचारी भावको संयोगले स्थायी भाव घृणा उत्पन्न भएर बीभत्स रसको परिपाक भएको छ ।

## अद्‌भुत रस

अलौकिक अथवा विचित्र वस्तु, दृश्य या घटना देखेर वा सुनेर उत्पन्न हुने विस्मयपूर्ण चित्तवृत्ति अद्‌भुत रस मानिन्छ । अनौठो विषय वा वस्तु यसको आलम्बन हुन्छ । त्यस अनौठो विषय वा वस्तुको महिमा, चमत्कार या विशेषता यसका उद्दीपन हुन्छन् । पसिना, रोमाञ्च, औँलो टोक्नु, मुख बाउनु आदि अनुभाव हुन्छन् । त्यस्तै अचम्म मान्नु, मोह, जडता आदि व्यभिचारी भाव हुन्छन् । यस रसको स्थायी भाव आश्चर्य वा विस्मय हो । रमेश विकलका उपन्यासमा अद्‌भुत रसको समेत प्रयोग भएको पाइन्छ । जस्तै :

बेलुकीपख एक्कासि बडे बडे घरहरू, दरबारहरू र हबेलीहरूको मुन्टै ठड्याउन नदिने ठाउँमा बसै बसको थुप्रो, दोलालघाटको मेलामा भन्दा पनि दशवर मान्छेका घुइँचोका बिचमा बसबाट ओर्लेपछि पो उसले सोधी- "के यही हो पाँचखाल ? कतिका बस ! कति मान्छेको घुइँचो ! मेरी बाबै नि ! ..." ('अविरल बग्दछ इन्द्रावती' उपन्यास, पृष्ठ २२२)

यहाँ सहरको झिलिमिली आलम्बन विभाव; बडे बडे घर, बसैबस र मान्छेको भिड उद्दीपन विभाव; आँखाको चञ्चलता, उदेक मान्नु अनुभाव तथा रोमाञ्च, आवेग, कौतुहल आदि व्यभिचारी भावले आश्चर्य स्थायी भाव उत्पन्न भई अद्‌भुत रसको अभिव्यक्ति भएको छ ।

## निष्कर्ष

प्रसिद्ध आख्यानकार रमेश विकलका सुनौली (२०३१), विक्रम र नौलो ग्रह (बालउपन्यास) (२०३९), अविरल बग्दछ इन्द्रवती (२०४०), सागर उर्लन्छ सगरमाथा छुन (२०५२) उपन्यास प्रकाशित छन् । विक्रम र नौलो ग्रह उपन्यासबाहेक अन्य तीन उपन्यासमा प्रयुक्त रसहरूको पहिचान गरी रस सिद्धान्तका आधारमा यस लेखमा विश्लेषण गरिएको छ । रसका मुख्यत : नौ प्रकार छन् र तिनका आ-आफ्नै स्थायी भाव हुन्छन् । विभावका आलम्बन र उद्दीपन गरी दुई प्रकार हुन्छन् । जुन वस्तु, व्यक्ति वा कारणले आलम्बन विभावलाई उत्तेजित बनाउँछ, त्यो उद्दीपन विभाव हुन्छ । भाव जागृत भएर उद्दीप्त भएपछि शरीरमा विभिन्न प्रतिकिया उत्पन्न हुन्छन् । त्यो अनुभाव हुन्छ । क्षण क्षण देखिने र बिलाइरहने चलायमान भाव व्यभिचारी भाव हो । यसरी विभावद्वारा भाव जाग्दछन् र उत्तेजित हुन्छन् । अनुभावद्वारा विकसित हुन्छन् अनि व्यभिचारी भावद्वारा परिपक्व भई भावक (पढ्ने, सुन्ने, हेर्ने) पाठक वा श्रोताका मनमा रसदशामा पुग्छन् । यसबाट भावकका मनमा एउटा विशिष्ट र आनन्दमय भावनाको सञ्चार हुन्छ । यही नै रस वा साहित्यिक आनन्द हो । यिनै मान्यताका आधारमा विकलका उपन्यासमा पाइने विविध रसहरूको पहिचान गरी तिनका विभाव, अनुभाव र व्यभिचारी भाव जस्ता रस सामग्रीसमेतको

पहिचान गरिएको छ । उनका उपन्यासमा प्रमुख रूपमा शृङ्गार, रौद्र, भयानक र करुण रसको प्रयोग भएको छ । प्रारम्भिक तहको यस अध्ययनमा शान्त रसको प्रयोग भने भेटिएको छैन । गम्भीर अध्ययन गरिएमा भने शान्त रसको प्रयोगको अवस्थालाई नकार्न सकिने स्थिति देखिँदैन । समग्रमा रमेश विकलका उपन्यासमा रसगत विविधता छ र त्यही विशिष्टताले समेत उनका उपन्यास आस्वाद्य, पठनीय र आह्लादकारी छन् ।

**सन्दर्भ-सामग्री**

अधिकारी, हेमाङ्गराज (२०६७). *पूर्वीय समालोचना सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।
उपाध्याय 'प्रेक्षित', जगत् (२०७५). *काव्यपरिशीलन.* काठमाडौँ : मकालु प्रकाशन गृह ।
उपाध्याय, केशवप्रसाद (२०४८). *पूर्वीय साहित्य सिद्धान्त.* काठमाडौँ : साझा प्रकाशन ।
उपाध्याय, केशवप्रसाद (२०४९). *साहित्य प्रकाश.* काठमाडौँ : साझा प्रकाशन ।
नगेन्द्र (सन् १९७४). *रस-सिद्धान्त.* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।
भट्टराई, गोविन्द (२०७७). *भरतमुनिको नाट्यशास्त्र.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
विकल, रमेश (२०३१). *सुनौली.* ललितपुर : साझा प्रकाशन ।
विकल, रमेश (२०४०). *अविरल बग्दछ इन्द्रावती.* ललितपुर : साझा प्रकाशन ।
विकल रमेश, (२०५२). *सागर उर्लन्छ सगरमाथा छुन.* ललितपुर : साझा प्रकाशन ।